स्थानीय तहको शासन संचालनका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

बारे छलफल कार्यक्रममा उठाइएका मुद्दा-मामिलाहरु

होटेल याक एण्ड येती, दरबारमार्ग

२६ श्रावन, २०७१ (१० अगस्ट, २०१७), बिहिबार

उपरोक्त सम्वन्धमा समृद्धि फाउण्डेशनले श्रावण २६ गते, बिहिबार (१० अगस्ट, २०१७) होटेल याक एण्ड यतीमा विहान ११:३० बजे देखि ‘स्थानीय तहको शासन संचालनका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक’ उपर सार्वजनिक छलफल कार्यक्रमको आयोजना गर्यो |

व्यवस्थापिका संसद सचिवालयले तयार गरेको सो विधेयकले स्थानीय तहको अधिकार सम्वन्धि व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्न, जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न तथा स्थानीय तहको शासन सञ्चालन गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गरेको छ।

नेपाल संघियता तर्फ जाँदै गर्दा भोलिका दिनमा यस कानुनले व्यावसायिक समुदाय लगायत अन्य विभिन्न सरोकारवाला समुहहरुको काम–कारवाहिमा पनि प्रत्यक्ष–अप्रत्यक्ष असर गर्ने हुँदा यस विधेयकमा भएका केहि जरुरी परिच्छेदहरुका बारेमा ती सरोकारवाला समुहहरुको पनि राय–सुझावहरु समेट्न सकियोस् भन्ने हिसाबमा विधेयकमाथि थप बहस संचालन गरिएको हो।

कार्यक्रममा विधेयकसँग सम्वन्धित निम्न लिखित विषयहरुमा छलफल भयो:

- गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकार, कार्यप्रणली र कार्यविधि
- गाउँपालिका र नगरपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन प्रणाली तथा प्रकृया समन्वय तथा संयुक्त कार्य
- गाउँपालिका र नगरपालिकाको वित्तिय अधिकार
- गाउँपालिका र नगरपालिकाको आर्थिक कार्य प्रणाली
- गाउँपालिका र नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने अधिकार

- गाउँपालिका र नगरपालिकाको सम्पत्ति र दायित्व तथा बजेटको स्थानान्तरण

यी विभिन्न विषयहरुमा बहस गर्न अनुभवको आधारमा नेपाल सरकारका कर्मचारीवर्ग, नीति–निर्मातावर्ग, वकिलवर्ग, उद्यमी–व्यवसायीवर्ग लगायत पत्रकारवर्ग उपस्थित रहे |

| क्र.स | विधेयकको परिच्छेद र दफा | उठान भएको विषय | छलफल |
|---|---|---|---|
| १ | परिच्छेद ३, दफा ११ (ज) | आधारभूत र माध्यमिक शिक्षा सम्वन्धि | (१) मा विद्यालय शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कर्यम्वयन र नियामनको अधिकार दिंदै गर्दा पनि (७) मा आधारभूत तह र (१३) मा माध्यमिक तह सम्बन्धि भिन्ना-भिन्नै बुँदाहरु रहनुले अनावस्यक भ्रम सिर्जना हुन पुगेको छ \| (१३) मा अझ माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय भन्दै गर्दा को संग समन्वय गर्ने भन्ने प्रश्न उठ्न गएको छ \|<br><br>संविधानमा शिक्षा सम्वन्धि अधिकार साझा अधिकारको सुचिमा पर्न गएको हुँदा यसै विधेयकले स्पष्ट संग स्थानीय र प्रादेशिक सरकारको शिक्षा सम्बन्धि अधिकारको बारेमा बोलेको खण्डमा भोलिका दिनमा कार्यन्वयनमा सहजता हुन जाने देखिन्छ \| |
| २ | परिच्छेद ३, दफा ११ (ञ)-३ | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक | (३) मा ‘स्थानीय वस्तुहरुको उत्पादन, आपूर्ति तथा निकासी, पप्रक्षेपण, मूल्य निर्धारण र अनुगमन’ भनेर मूल्य निर्धारणको |

| | | | |
|---|---|---|---|
| | | विविधता सम्वन्धि | अधिकार स्थानीय सरकारलाई दिंदा नजिकैका गाउँपालिका-नगरपालिकामा मूल्यमा एक-रुपता नहुँदा त्यसले बजारमा ठुलो उथलपुथल ल्याउन सक्छ \| बढी नाफा कमाउन सकिने पलिकाहरुमा वस्तु तथा सेवा उत्पादकहरु गए भने अन्य ठाउँहरुमा ति वस्तु तथा सेवाको कृत्रिम अभाव हुन सक्ने सम्भावना बढ्न जान्छ \|<br><br>सके सम्म कुनै पनि तहको सरकारलाई मूल्य निर्धारणको अधिकार दिन हुँदैन \| |
| ३ | परिच्छेद ३, दफा १२ (ङ) | सिफारिस तथा प्रमाणित गर्ने सम्वन्धि | वडा समितिको काम, कर्तव्य र अधिकार मध्येको समितिको सिफारिस तथा प्रमाणित गर्ने कामको सुची अनावस्यक ढंगमा लामो हुन गएको देखिन्छ \| लामो सुची हुँदै गर्दा यसले भोलि चुनौती ल्याउने सम्भावना बढी हुन्छ:<br>- सुचिमा परेको भन्दा बाहेकको, तर वडाबाटै गर्न सकिने प्रकारको कामको हकमा के हुने? नेपालको कर्मचारीतन्त्रको इतिहास हेर्दै गर्दा त्यस्ता कामको मामिलामा ऐनमा तोकिएको छैन, त्यसैले हाम्रो काम होइन भन्ने प्रकारको प्रतिक्रियाको आस गर्न सकिन्छ \| |
| ४ | परिच्छेद ३, दफा १३ | न्युनतम दररेट निर्धारण गर्ने सम्वन्धि | निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय दररेट तोकिने भन्दै गर्दा यसले |

| | | | |
|---|---|---|---|
| | | | मूल्य निर्धारणको जस्तै असर गर्छ – जहाँ दररेट कम हुन्छ, व्यवसाय हरु त्यतै नै केन्द्रित हुन प्रोत्साहित हुन्छन् \| यसले गर्दा विभिन्न पालिका हरुमा कृत्रिम ढंगले रोजगारीको अवसरमा नै असन्तुलन सिर्जना हुन जाने जोखिम बढ्न जान्छ \|<br><br>आवस्यक परेको खण्डमा पनि, यसरि दररेट निर्धारण गर्ने सम्वन्धि अधिकार प्रादेशिक सरकारलाई दिइनु अपयुक्त होला \| |
| ५ | परिच्छेद ४, दफा १८ (झ) | कार्यकारी अधिकृत सम्वन्धि व्यवस्था बारे | दफा १८ को झ मा कार्यकारी अधिकृतले सभाको सचिव भई काम गर्ने भनी उल्लेख गरिएको छ, तर कार्यकारी अधिकृत सम्वन्धि व्यवस्थाहरु भने दफा ७१ मा गैर मात्र भएको छ \| विधेयक पढ्दै जाँदा यसले असहजता निम्त्याउँछ  \| दफा १८ भन्दा अगाडि नै दफा ७१ मा रहेको कार्यकारी अधिकृत सम्वन्धि व्यवस्थाहरु राख्न सकिएमा पाठकलाई कुनै पनि प्रकारको भ्रम हुने अवस्था रहँदैन \| |
| ६ | परिच्छेद ६, दफा २४ | समन्वयमा कार्य गर्नु पर्ने | अन्तरास्ट्रिय गैर सारकारी संघ-संस्थाले संघिय सरकारसंग अनुमति लिई स्थानीय सरकारसंगको समन्वयमा काम गर्नु पर्ने भन्दै गर्दा प्रादेशिक सरकार यस प्रक्रिया बाट सम्पूर्ण रुपमा छुटेको हुँदा यसले भोलिका दिनमा कार्यन्वयनका बेला केहि समस्या नउब्जाओस भन्ने हिसाबले थप बहस हुन आवस्यक देखिन्छ \| यस विषयले राजनीतिक स्तरमा ठुलो बहसको सिर्जना गर्न सक्छ .<br><br>विधेयकमा कतै पनि स्थानीय सरकार र प्रहरी प्रशासनबिचको |

| | | | |
|---|---|---|---|
| | | | समन्वयको बारेमा उल्लेख भएको पाइन्दैन । यसले भोलिको दिनमा ठुलो चुनौती उत्पन्न गर्न सक्छ ।<br>- भविष्यमा संघिय सरकारले स्थानीय सरकारसंग कुनै छलफल नगरी प्रहरी प्रशासनको आकार घटाउने निर्णय गर्यो भने त्यसको प्रत्यक्ष असर कुनै पनि पालिकाको सुरक्षा अवस्थामा पर्न जान्छ ।<br>- कुनै आपत-बिपतका बेलामा कुनै नगरपालिका वा गाउँपालिका प्रमुखले केन्द्र संगको अनुमति बिना सुरक्षा निकाय चलाउन नपाउने हुँदा स्थानीय तहमा सुरक्षाको प्रत्याभुति घटेको अर्थ लाग्न जान्छ ।<br><br>यी कुराहरुलाई मध्यनजर गरी कुनै पनि नगरपालिका वा गाउँपालिका र प्रहरी प्रशासनबीच समन्वय र सहकार्यको लागि आवस्यक सम्पूर्ण संरचना र ढांचा यस विधेयकमा उल्लिखित हुन आवस्यक छ । |
| ७ | परिच्छेद ९ | गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार सम्वन्धि | वित्तीय अधिकार सम्वन्धि धेरै मुद्दाहरु साझा सुचिमा पनि परेका र तिन प्रकारका सरकारहरुको वित्तीय अधिकार सम्वन्धि स्पष्ट कानून नबनिसकेको हुँदा भोलिको दिनमा धेरै अप्ठेराहरु आउन सक्ने सजिलै अनुमान गर्न सकिन्छ ।<br><br>एका पट्टि यस विधेयकले स्थानीय सरकारले राख्ने राजस्व स्थानीय स्वायत्त शासन ऐनले दिएभन्दा घटाएको छ भने, अर्को |

| | | | |
|---|---|---|---|
| | | | तर्फ अहिले नै दोहोरो करका सम्भाव्यताहरु देखिन थालिसकिएको छ । यस्तो अवस्थामा व्यवसायीहरुको लागि कसरी सहज र सकारात्मक व्यावसायिक वातावरण बनाउने भन्ने तर्फ नीति तथा नियम निर्माताहरुको ध्यानाकर्षण हुनु अत्यन्त जरुरि छ । |
| ८ | परिच्छेद ११, दफा ७१ (३) | कार्यकारी अधिकृत सम्वन्धि व्यवस्था बरे | उपदफा ३ मा उल्लिखित 'कार्यकारी अधिकृतको नियुक्ति तोकेको कानून बमोजिम' हुने भन्दै गर्दा संघिय, प्रादेशिक वा स्थानीय कुन कानून अनुसार भन्ने स्पष्ट नभएको अवस्था छ । |
| ९ | परिच्छेद १२, दफा ७८ | जिल्ला सभाको काम, कर्तव्य र अधिकार | संविधानको धारा २२० को उपधारा ८ अनुसार जिल्ला सभाको काम, कर्तव्य र अधिकार प्रादेशिक कानूनको अनुसार हुने भनेर जुन भनिएको छ, त्यहि मर्म विधेयक को यस दफाले नबोकेको हो कि भन्ने भान हुन्छ । विधेयकमा स्पष्टताको साथ सो कुरा आएको छैन । |
| १० | परिच्छेद ११, दफा ८० | जिल्ला समन्वय अधिकारी तथा कर्मचारी सम्वन्धि व्यवस्था | संविधानको धारा २२० को उपधारा ३ अनुसार जिल्ला सभाको काम, कर्तव्य र अधिकार प्रादेशिक कानूनको अनुसार हुने भनेर जुन भनिएको छ । स्थानीय तहको शासन संचालनका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमा यस प्रावधान राखिँदा संविधानसंग बाझ्न गएको छ । |

यी भन्दा बाहेक छलफल कार्यक्रममा उठान गरिएका अन्य मुद्दाहरु निम्नानुसार छन्:

- विधेयकले निजी क्षेत्रलाई पूर्ण रुपमा छुटाएको छ | निजी क्षेत्रलाई एक ठाउँमा मात्र उल्लेख गरिएको छ, त्यो पनि बिपत व्यवस्थापनको सिलसिलामा | यसले सरकारले निजी क्षेत्रको भूमिकालाई अवमुल्यन गरेको दर्शाउन्छ |

- यस विधेयक एक प्रेरक र सहजकर्ताको भन्दा पनि आदेशकर्ताको भाषालेखिएको भान हुन्छ |

- केन्द्र र प्रदेशलाई उत्तरदायी बनाउने केहि कुरा यस विधेयकमा  आएको छैन | जस्तै, केन्द्र र प्रदेशले स्थानीय सरकारलाई बजेट सिलिंग कहिले सम्म दिने भन्ने जस्ता कुराहरु छुटेका छन् |

- यसै विधेयकका विभिन्न दफाहरू संसदले हालसालै अनुमोदन गरेका अन्य विधेयकसंग बाझिएका छन् | जस्ती, कर्मचारी समायोजन विधेयकका कुरा र सो सम्वन्धि यस विधेयकमा गरिएका प्रावधान |

- बाझिएका प्रावधानहरुको हकमा यस विधेयकमा गरिएको प्रावधान मान्य हुने भन्ने निश्चितता प्रदान गर्न सक्नु पर्छ कानूनले |

- यस विधेयकले स्थानीय सरकारको अधिकार स्थानीय स्वायत्त शासन ऐनको तुलनामा धैरै हदमा घटाएको छ | स्थानीय तहको शासन संचालनका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक कम से कम पनि स्थानीय स्वायत्त शासन ऐन भन्दा प्रगतिशील हुनुपर्छ – यसले स्थानीय सरकारको अधिकार विस्तार गर्नु पर्छ, न कि संकुचित गर्नु |

- स्थानीय सरकारको मातहतमा आइपर्ने सबै कुराहरु अहिलेनै निर्धारण गरी ती कुराहरुलाई नियमन गर्ने मर्म यस विधेयकले बोकेको देखिन्छ | भोलिका दिनमा यस्ता कुरा हरुको पनि स्थानीय तहमा उठान हुन सक्छ जुन आज हामि कल्पना पनि गर्न नसकौंला | त्यसैले सबै कुरा आज नै नियमन गर्ने सिद्दान्त अनुसार विधेयक बनाउनु व्यावहारिक नहोला |